# बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# षमूएल, परमेष्वरको छोरा-दास



**लेखनः** Edward Hughes
**चित्रः** Janie Forest
**अनुवादः** Mrs. Trifaina Subba
**संयोजनः** Lyn Doerksen

story 17 of 60

**www.M1914.org**

***Bible for Children,*** *PO Box 3, Winnipeg, MB R3C 2G1 Canada*

**अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।**

नेपाली Nepali

हन्ना एक असल स्त्री थिइन् जसले असल व्यक्ति एल्कानासंग विवाह गरिन्। तिनीहरू दुवै परमेष्वरलाई आराधना गर्थे अनि अरूहरूलाई दया देखाउँथे। तर हन्नाको जीवनमा केही कुराको कमी थियो। तिनले एउटा बालक चाहन्थे। कसरी तिनले बालक चाहन्थे! तिनले पर्खे, प्रार्थना गरे, अनि आषा राखी अझ पर्खे तर बालक पाइएनन्।



1



हरेक वर्श परमेष्वरको डेरामा हन्ना आराधना गर्न जान्थिन्। एकदिन तिनले परमेष्वरलाई प्रतिज्ञा गरे कि यदि तपाईंले मलाई बालक दिन भयो भने त्यो बालक म सधैंको लागि परमेष्वरको दास हुन दिन्छु।

2



बूढ़ो एलीले हन्नालाई प्रार्थना गरिरहेका देखे। तिनले सोचे कि हन्ना दाखमद्यले मातिन् किनकि तिनको मुखमात्र चलिरहेका थिए तर आवाज चाहिँ थिएन्। एलीले हन्नालाई डाँटे।

3



तर हन्नाले तिनको प्रार्थनाको विशय चाहिँ बालकको लागि अनि परमेष्वरसंग प्रतिज्ञा गरेकी भनी एलीलाई बताइन्।

4



एलीले भने, ‘‘षान्तीसित जाऊ, औ तिमीले उहाँलाई गरेको प्रार्थनाको जवाफ इस्राएलका परमेष्वरले तिमीलाई देऊन्।’’ एलीको वचनले हन्नालाई आषा दिए।

5

चाँड़ै हन्नाको हृदय आनन्दले भरिए। ‘‘परमेष्वरले तिनको सम्झना गरे’’ अनि तिनको प्रार्थनाको उŸ◌र दिए। तिनी अनि एल्कानाको एउटा छोरो भए र उसको नाउँ षमूएल राखे (जसको अर्थ ‘‘परमेष्वरबाट सुनाइएको’’)। तर के हन्नाले परमेष्वरलाई सम्झना गरिन् अनि आफ्नो प्रतिज्ञा निभाइन्?



6



हन्ना डेरामा जान छोड़िन्। अहो प्रिय! के तिनले परमेष्वरलाई गरेको प्रतिज्ञा तोड़े? होइन, हन्नाले जबसम्म षमूएल ठूलो भएर डेरामा गएर परमेष्वरको सेवा गर्न एलीलाई सहायता गर्दैन तबसम्म तिनी पर्खिरहिन्। त्यसपछि तिनले उसलाई डेरामा लगे।

7



परमेष्वरले हन्नाको महान् विष्वासयोग्यतालाई आदर गर्नुभयो। षमूएलपछि परमेष्वरले हन्नालाई तीन अरू छोरा अनि दुइ छोरीहरू दिनुभयो।

8



हरेक वर्श हन्ना परमेष्वरलाई आराधना गर्न डेरामा जान्थिन् अनि षमूएलको लागि नयाँ पोषाक लाने गर्थिन्।

9



षमूएल एलीको सहायक मात्र थिएन्। एलीको छोराहरू, होप्नी अनि पीनहास पनि त्यहाँ काम गर्थे। तिनीहरूको बाबुले तिनीहरूलाई सम्झाउँदा पनि तिनीहरूले परमेष्वरलाई आफ्नो कार्यद्वारा अनादर गर्थे। एलीले तिनीहरूलाई डेरामा काम गर्न रोक्न सक्थ्यो तर गरेनन्।

10



एक रात षमूएलले एउटा आवाज सुने, तब उसले एलीले बोलाएको होला भनी "म यही छु।" भन्छ। तर एलीले भन्छ, "मैले बोलाइनँ।" ती कुरा तीनपल्ट भयो। त्यसपछि एलीले थाह पाए कि परमेष्वर षमूएलसंग बोल्न चाहन्छन्।

11



एलीले षमूएललाई भन्छ, "यदि उहाँले फेरि बोलाउनुभयो भने यसो भन्नू, 'परमप्रभु, भन्नुहोस्, तपाईंको दासले सुन्दैछ।'" अनि परमेष्वरले फेरि षमूएललाई बोलाउनुभयो र षमूएललाई मुख्य सन्देष बताउनुभयो।

12

बिहानी पख एलीले षमूएललाई बोलाए। तिनले सोधे, "के कुरा परमेष्वरले तिमीलाई भने?" जवान षमूएलले सबै कुरा बताइदिए। त्यो एउटा डरलाग्दो सन्देष थियो किनकि परमेष्वरले एलीको सबै परिवारलाई होप्नी र पीनहासको कारणले खतम गर्न गइरहनुभएको थियो।



13

परमेष्वरको चेताउनी साँचो हुनआयो। पलिष्तीहरूसंग लड़ाईको समय, एलीका दुइ दुश्ट छोराहरूले परमप्रभुको सन्दूकलाई लिएर इस्राएलीहरूको सेनाको अघि हिँड़न पथ्र्यो। षत्रुहरूले होप्नी अनि पीनआसलाई साथै अरू धेरै इस्राएलीहरूलाई मारेर सन्दूक आफ्नो कब्जामा राखे। जब एलीले यो कुरा सुने तब एली आसनबाट लोटे र तिनको मण्टो भाँचेर तिनी मरे।



14

परमेष्वरको सन्दूर पलिष्तीहरूको लागि समस्या भयो। तिनीहरूले त्यो बोकेर दागोनको छेउमा राखे, जो तिनीहरूको झूटा देवता थिए। बिहानी पख दागोन घोप्टो परेको देखे। पलिष्तीहरूले दागोनलाई उठाए तर फेरि भोलिपल्ट फेरि त्यो ढलेको थियो। त्यस समय दागोन टुक्रा टुक्रा पारिएको थियो।







रोग अनि मृत्यु सारा पलिष्तीहरूमाझ फैलिए। परमेष्वरले तिनीहरूलाई दण्ड दिइरहनुभएको थियो, यसैले पलिष्तीहरूले दुइवटा गाईहरूको गाड़ी बनाएर इस्राएलीहरूको सन्दूक फर्काइदिए। "यदि ती गाईहरू इस्राएलतर्फ गए भने हामीले जान्नेछौं कि परमेष्वरले गर्नुभयो" भनी तिनीहरूले भने अनि गाईहरू गए।





त्यसपछि षमूएलले इस्राएलका मानिसहरूसंग बोल्न थाले। "यदि तपाईंहरू आफ्नो सारा हृदयसंग परमेष्वरतर्फ फर्कनुभयो भने उहाँले तपाईंहरूलाई पलिष्तीहरूबाट छुटकारा दिनुहुन्छ।"





मानिसहरूले परमेष्वरको विष्वायोग्य अगमवक्ताको आज्ञा पालन गरे। षमूएलको समयभरिनै पलिष्तीहरूको विरूद्धमा परमेष्वरको हात उठिरहे।



## षमूएल, परमेष्वरको छोरा-दास

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

1 षमूएल 1-7

**"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"**
**भजनसंग्रह ११९:१३०**



**हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो।**

**परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ।**

**यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भन: प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन। यूहन्ना ३:१६**

**दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !**